# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, फागुन २४ गते २०५३साल (अतिरिक्ताङ्क ६२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री शेरबहादुर देउवाले प्रतिनिधि सभाको बैठकमा आफूले राखेको विश्वासको मत लिने प्रस्ताव बहुमतबाट पारित नभएको कारण दर्शाई प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा स्वीकृत गरिबक्सेको र प्रतिनिधि सभामा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गरेको अवस्था नभएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको समर्थन र विश्वास प्राप्त गरेको स्पष्ट हुने गरी २०५३ साल फागुन २७ गते साँझ १८:०० बजेभित्र जाहेर गर्न प्रतिनिधि सभाका सदस्यलाई आव्हान गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

१४३२

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।